# संघीय संसद

## प्रतिनिधि सभा, २०७९

छैटौं अधिवेशन

बैठक सङ्ख्या – ४१

## दैनिक कार्यसूची

२०८२ असार २३ गते, सोमबार

दिनको १:०० बजे

**(सम्भावित)**

### सन्देश टेबुल

१. प्रतिनिधि सभाका सचिव हर्कराज राईले प्रतिनिधि सभामा उत्पति भएको निम्नलिखित विधेयकका सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुहुनेः-

(क) केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०

(ख) भन्सार विधेयक, २०८०

### सन्देशको जानकारी

२. प्रतिनिधि सभाका सचिव हर्कराज राईले प्रतिनिधि सभामा उत्पति भएको निम्नलिखित विधेयकका सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुनेः-

(क) विनियोजन विधेयक, २०८२

(ख) आर्थिक विधेयक, २०८२

(ग) राष्ट्र ऋण उठाउने विधेयक, २०८२

### समितिको वार्षिक प्रतिवेदन पेस

३. माननीय कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुसुमदेवी थापाले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन, २०८२" पेस गर्नुहुने।

### वार्षिक प्रतिवेदन पेस

४. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले "महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन, २०८२" पेस गर्नुहुने।

### व्यवस्थापन कार्य

५. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलेः-

(क) "औद्योगिक सम्पत्ति सम्बन्धी विधेयक, २०८२" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ख) "औद्योगिक सम्पत्ति सम्बन्धी विधेयक, २०८२" प्रस्तुत गर्नुहुने।

६. माननीय युवा तथा खेलकुद मन्त्री तेजु लाल चौधरीलेः-

(क) "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८२" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ख) "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) विधेयक, २०८२" प्रस्तुत गर्नुहुने।

### शोक प्रस्ताव

७. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

(क) “नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ सालमा बागलुङ जिल्ला क्षेत्र नं १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य, प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका गोविन्द प्रसाद शर्मा कण्डेलको ८७ वर्षको उमेरमा मिति २०८२ साल असार १५ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।”

(ख) “नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७० सालमा बारा जिल्ला क्षेत्र नं १ बाट संविधान सभा सदस्यमा निर्वाचित सदस्य, प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका राम अयोध्या प्रसाद यादवको ७२ वर्षको उमेरमा मिति २०८२ साल असार १८ गते वीरगंजस्थित हेल्थ केयर अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।”

पद्म प्रसाद पाण्डेय

महासचिव